# पुन समाज यु.के.को बिधान

# Constitution of Pun Samaaj UK

## छैठौ सँस्करण - 6th Edition

Sat, 02 Jan 2021

# बिषय सुची

| बिषय | पृष्ठ |
|---|---|
| प्रस्तावना:<br>बिषय सुची, प्रस्तावना | 01 |
| परिच्छेद् - १<br>नाम, परिभाषा, लेटरप्याड, झन्डा, लोगो र कार्यालय | 04 |
| परिच्छेद् – २<br>उदेश्य र सदस्यता | 06 |
| परिच्छेद् - ३<br>साधारण सभा, अधिवेशन र कार्यसमिती | 09 |
| परिच्छेद् - ४<br>काम, कर्तब्य र अधिकार | 12 |
| परिच्छेद् - ५<br>आर्थिक ब्यबस्था | 15 |
| परिच्छेद् - ६<br>निर्वाचन, विधान संशोधन तथा विविध | 16 |
| | |

# पुन समाज यु.के. को बिधान

**प्रस्तावना:**

नेपाल विभिन्न जात-जाती र भेष भाषाले भरिएको एउटा बहुल संस्कृतिको देश हो। पुन नेपालको आदिवासी जनजाती भित्रको मगर जाती भित्र पर्ने प्रमुख समुदाय हो। नेपाल लगायत विश्वभरी बस्ने नेपालीहरुले आफ्नो भाषा र सँस्कार सँस्कृतिहरुको सँरक्षण् गर्नको लागि आ आफ्नो जात जाती र समुदायको नाममा संघ संस्था वा समाजहरु खोलेका छन। इतिहासकार, मानवशास्त्री तथा समाजशास्त्रीहरुले मगर जाति भित्र ११०० भन्दा बढी उप-थर हरु छन् भनेर उल्लेख गरेका छन् यी उप-थर हरुलाई आ-आफ्नो गोत्र, कुल अथवा बंशावली अनुसार जम्मा ७ प्रमुख थरहरुमा बिभाजन गरेका छन् र यही नै अहिले सम्म नेपाल सरकारको आदिवासी जनजाती राष्ट्रिय प्रतिस्ठानमा आधिकारीक् तथ्यांक रहेकोछ। ति हुन्:

(१) - थापा<br>
(२) - राना<br>
(३) -आले

} १२ मगरात (१२ पंथी), ढुट भाषा बोल्छन् भने कसैले नेपाली भाषा नै बोल्छन।

**(४) - पुन**<br>
(५) - घर्ती<br>
(६) – रोका<br>
(७) - बुढा

} १८ मगरात (१८ पंथी), काइके, खाम बोल्छन् भने कसैले नेपाली भाषा नै बोल्छन। **आले र पुन** थर अन्य कुनै पनि जातिमा पाइन्दैन त्यसैले थरको पछाडि मगर नलेखे पनि मगर नै हुन भनेर चिनिन्छ तर बाँकी ५ थर हरु अन्य जातिमा पाईन्छ त्यसैले थरको पछाडि मगर लेख्नै पर्दछ।

पुन थर भित्र पनि १०० भन्दा बढी उप-थरहरु (पत) छन्। ति हुन् :

पुर्जा, गर्बुजा, पाईजा, तिलिजा, पहरे, थाने, दुत-दुद, सुत, बुदुजा, शेर्पुंजा, खोरजा, अर्मजा, रंतिजा, शोन्तजा, जुक्जली, राम्जाली, चोचांगी, फगामी/फकामी, हुनाली, होलङ्, कोरिजा, सिम्किजा, लोंजा, रन्के, ओर्पजाड़ी, उलांगे, थजाली, पारे, तगाले, थानी, ढगामी, नाम्जाली, पोइङ्गे, बन्जयाली, राङ्गु, रतुवा, राम्जा, रोका/रोगाई, साइमे, सामे, सिम, सुतपराई, सोती, सेम्म, हुलंगी, लोजा, दुधुजा ईत्यादी तर पनि उल्लेखित उपथर (पत) हरु थपघट हुन सक्नेछ।

यी उप- थर (पत) हरु ठाउँ अनुसार फरक-फरक पाईन्छन। कुनै पनि समुदायहरुको भाषा, संस्कार तथा संस्कृतिहरु समयको काल खण्ड र भौगोलिक बिबिधता अनुसार फरक हुने गर्दछन।

बिशेष गरेर म्याग्दी र पर्वतमा बस्ने पुनहरुले आफ्नो समुदायहरुको उत्थानको लागि २०१३ साल माघ १३ गते भएको म्याग्दी औला सम्मेलन बाट बिधिवत रुपमा **"पुन सुधार समिती"** संस्थाको गठन गरेका हुन। त्यसपछी सो ठाउँ बाट बसाइ सराई संगै नेपाल अधिराज्य भरी छरिएर रहेका पुन समुदायहरुले बिभिन्न नाम बाट पुन समुदायको लागि बिभिन्न सामाजिक कार्यहरु गर्दै आएका थिए।

यसरी बिभिन्न ठाउहरुमा छरिएर रहेका पुन समुदायहरुको संस्थाहरुलाई एकता गराउदै एउटै नाम र उदेश्यमा निहित रहनको लागि जेष्ठ २९ गते २०६३ सालमा **"पुन समाज नेपाल"** बिधिवत रुपमा दर्ता भै पुन समुदायहरुको

भाषिक साँस्कृतिक र पहिचानहरुलाई सम्बर्धन् र सँरक्षण गर्दै आएको थिए। देशको परिस्थितीले गर्दा चाहे त्यो गोर्खा भर्ती बाट होस् या अन्य रोजगारको लागि होस् बिदेशिने परम्पराले हामी पुनहरुपनि अछुतो रहेनौ।

बेलायतमा बसोबास गर्ने पुन समुदायहरुमा सहयोगहरु आदान-प्रदान गर्न, गराउन र हाम्रो सँस्कार सँस्कृतिहरुलाई बिदेशमा रहे पनि सँरक्षण गर्न एक संस्थाको महसुस गर्दै **"पुन समाज यु.के."** सन् २००७ मा स्थापना भएको हो।

पुन समाज यु. के. मिति ११ मार्च २०१५ (11 March 2015) तारिख युके च्यारिटी कमिसन (UK Charity Commision) मा दर्ता भै दर्ता नं. 1160842 प्राप्त गरि बैधानिकता पाएको छ।

मिती सन २०२१ जनवरी ०२ तारिखमा भएको पुन समाज यु.के.को वार्षिक साधारण सभा बाट पुन समाज नेपालको भातृ-संस्था बाट बहिर्गमन हुने निर्णय भयो। अब पुन समाज यु.के. कसैको भातृ-संस्था नभएर स्वतन्त्र समाज रहनेछ।

# परिच्छेद् - १

# नाम, परिभाषा, लेटरप्याड, झन्डा, लोगो र कार्यालय

**१.०: नाम:**

(क): यस संस्था (समाज) सन् २००७ मा बेलायतमा स्थापना भएको हो।

(ख): यस संस्था (समाज) को नाम नेपालीमा 'पुन समाज यु.के." र अंग्रेजिमा PUN SAMAAJ UK' रहेकोछ।

(ग): स्थापना कालमा बहुमत सदस्यहरुको निर्णय बाट पुन समाज युके नामाकरण भएको हुँदा यस संस्थाको नाम परिवर्तन गर्नु परेमा अधिवेशन बाट संस्थाको सम्पूर्ण उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमत बाट अनुमोदन भएमा परिवर्तन गर्न सकिनेछ।

(घ): पुन समाज यु.के. स्थापना गर्दा तदर्थ समितिमा रहेका सबै सदस्य हरु संस्थाको संस्थापक सदस्य रहने छन।

**१. १: परीभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा:**

(क): संस्था (समाज) भन्नाले पुन समाज यु.के. लाई सम्झनु पर्छ।

(ख): विधान भन्नाले पुन समाज युकेको बिधान २००७ (नेपालीमा) र युके च्यारिटी कमिसन (UK Charity Commission) को बिधान २०१५ (अंग्रेजीमा) लाई सम्झनु पर्छ।

(ग): कार्यसमिती भन्नाले यस विधानको परिच्छेद – ३, दफा - ३.४ बमोजिमका गठित कार्य समिति लाई जनाउने छ।

(घ): सदस्य भन्नाले पुन समाज यु.के.को विधान बमोजिम प्रदान गरिएको परिच्छेद – २, दफा २.१. को (च) १. र (च) २. का सदस्यहरुलाई जनाउनेछ।

(ङ): शाखा समिति भन्नाले पुन समाज यु.के.को केन्द्रिय समितीको मातहतमा बिभिन्न क्षेत्रमा खोलिएका शाखा समितिहरुलाई जनाउनेछ ।

(च): उप-समिती भन्नाले पुन समाज यु.के.को केन्द्रिय समितीको मातहतमा खोलिएका महिला समिति यु.के. र पुन युवा क्लब यु.के. लाई जनाउनेछ ।

(छ): मानार्थ सदस्य भन्नाले पुनहरुको भाषा, सँस्कृतिमा योगदान गरेका गैर पुन तथा अन्य नेपाली वा बिदेशीहरुलाई केन्द्रिय समितिको निर्णयले प्रदान गरिएको सदस्य लाई सम्झनु पर्छ ।

(ज): पुन समाज यु.के.को यो बिधान बेलायत बासी पुन समाज युकेको सदस्य र सदस्यको परिवारहरुलाई मात्र लागु हुनेछ ।

(झ): पुन समाजको सदस्यता भएका पुनहरु नेपाल र नेपालीको लागि काम गर्नेकुनै पनि संस्थाहरुमा बसेर काम गर्न स्वतन्त्र हुने छन ।

(ञ): पुन भित्रको उप-थर या पत भन्नाले बिभिन्न ईतिहास र दस्तावेजहरुमा जनाइएका पुन भित्रको अन्य उप-थर या पत हरुलाई जनाउनेछ ।

(ट): साधारण सभा भन्नाले बर्षमा एक पटक गरिने सम्पूर्ण सदस्यहरु रहने गरि बोलाईएको सभालाई बुझाउनेछ ।

(ठ): अधिवेशन भन्नाले तीन बर्षमा कार्यसमिती परिवर्तन हुने सभा लाई बुझाउनेछ ।

**१.२: लेटरप्याड:**


(क): संस्थाको लेटरप्याद संस्थाको चिट्ठीपत्रहरुको लागि प्रयोग गरिन्छ । देब्रे पट्टी पुन समाजको लोगो रहनेछ । बिचमा संस्थाको नाम, स्थापना मिती र च्यारिटी न. रहनेछ । दाहिने पट्टी समाजको झन्डा रहनेछ । अन्तिममा (तलको भागमा) समाजको सम्पर्क इमेल, वेबसाईट, ठेगाना र टेलिफोन नं. रहने छ ।

PUN SAMAAJ UK
ESDT: 2007
UK CHARITY REG NO -1160842

Website : www.punsamaajuk.co.uk
Samaaj's Email : punsamaajuk@gmail.com
Committee's Email: newcommittee_boardonly@yahoo.co.uk
Address : 20 Fulwood Avenue, Wembley, Middlesex, HA0 1LT (Mob-07727676808)

**१.३: झन्डा:**

(क): पुन समाज यु.के. को झन्डा पुन समाज नेपालको जस्तै तल रातो माथि सेतो कपडामा बिचमा समाजको लोगो अन्कित हुनेछ। पुन समुदायमा कुनै पनि शुभकार्य हरू गर्दा दर-देवता हरूलाई सेतो र रातो धजा चढाईन्छ। माथीको सेतो रंगले शान्तिको प्रतिक तलको रातो रंगले परिवर्तनशिलको प्रतिक बुझाउनेछ।



**१.४: लोगो:**

(क): पुन समाज यु.के. को लोगो बाहिर पट्टिको ९ वटा कोणले करबाकेली बाबा सम्बन्धित ईतिहासलाई जनाउनेछ। भित्रपट्टी माथिल्लो भागमा नेपालीमा समाजको नाम तल्लोपट्टी अंग्रेजिमा समाजको नाम र भित्र गोलाकारमा करबाकेली बाबाको चित्र, स्थापना मिती र यु.के. च्यारिटी नं. रहनेछ।

**१. ५: संस्थाको कार्यालय:**

(क): यस् संस्थाको कार्यालय कार्यसमितिले तोकेको ठाउमा रहनेछ। शाखा समिती, उप समिती या क्लबहरुको कार्यालय सम्बन्धित समितिले तोकेको ठाउमा रहनेछन।

## परिच्छेद् - २

## उद्देश्य र सदस्यता

**२.0: पुन समाज यु.के.को उद्देश्य निम्न अनुसार रहनेछ :**

(क): दु:ख र पिडामा परेका बेलायत बासी पुनहरु लाई आर्थिक सहयोग गर्ने।

(ख): पुन हरुको भाषा सँस्कृति र परम्पराको सम्बर्दन र सँरक्षण तथा पुन हरुको इतिहासको अनुसन्धानको निम्ती कार्य गर्ने, सहयोग गर्ने।

(ग): साँस्कृतिक कार्यक्रम हरु लगायत अन्य कार्यक्रमहरु गर्ने।

(घ): देश तथा बिदेशमा रहेका पुनहरुको संस्था संग संपर्क गर्दै सम्बन्ध कायम गर्ने।

(ङ): पुन समुदायको उत्थानको लागि योगदान दिने व्यक्ति वा संस्थाहरुलाई र पुन समुदाय भित्र बाट उच्च शिक्षा हासिल गर्ने युवा युवतीहरुलाई सम्मान र सहयोग गर्ने ।

(च): पुन समाज यु.के. लाई सधैं भर सेवामा केन्द्रित गर्दै एउटा परोपकारी संस्थामा स्थापित गर्ने ।

(छ): दैवी प्रकोप र दु:ख मा परेका मानव हरुलाई पनि सहयोग गर्न सक्नेछ ।

(ज): सेमिनार, गोश्ठि, भेटघाट, छलफल अन्तर-क्रिया तथा प्रशिक्षण सन्चालन गर्ने ।

(झ): बेलायत स्थित अन्य सामाजिक संस्थाहरु बाट आएका निमन्त्रणा हरुमा प्रतिनिधित्व गर्ने ।

(ञ): पुन समाज यु.के. बिशुद्ध सामाजिक संस्था भएको हुनाले कुनै पनि ब्यक्तिगत स्वार्थ, राजनीति र धर्मबाट अलग रहनेछ ।

(ट): पुन समाज यु.के. को सदस्यता लिई सकेपछी समाजमा दर्ता भएका सदस्यहरुको निधन भएमा हरेक सदस्यले अनिवार्य £१०.०० (दस पाउन्ड) शुल्क (कोरोमानो) उठाउनु पर्ने छ । यदी आफ्नै गाउँ समाज भित्र परेको हो भने आफ्नै गाउँ समाजको निर्णय लागु हुनेछ । आफ्नो गाउँ समिती बाट दिएको भएमा सोही अनुसार र अन्य आजीवन सदस्यहरुले अन्य समाज बाट दिएको भए कुन समाज बाट दिएको हो सोको जानकारी समाजलाई गराउनु पर्नेछ ।

(ठ): पुन समाज यु.के. ले Data Protection (गोपनियता) Act 2018, Human Right (मानव अधिकार) Act 1998 र Equality (समान अधिकार) Act 2010 को पालना गर्नेछ ।

(ड): पुन समाज यु.के. ले नेपालमा पुन समुदायहरुमा भैपरि आउने विभिन्न दु:ख, घटना र सामाजिक परोपकारी कामहरु लगायत भुकम्प, दैवी प्रकोप र बाढी पिडितहरुलाई पनि सहयोग गर्नेछ । तर कुनै पनि व्यक्तिगत बिमारी उपचार गर्न आर्थिक सहयोगको लागि गरिएको पत्राचार उपर पुन समाज यु.के.ले जिम्मेवारी लिने (हुने) छैन ।

**२.१: सदस्यता र प्रकार :**

(क): सदस्यताको लागि १८ बर्ष पुगेको पुन हुनुपर्ने छ। १८ बर्ष भित्रका छोरा छोरीहरु, अविवाहित छोरा छोरीहरु तथा अपाङ्ग (असक्त) हरुपनि बाबा आमाको सदस्यता भित्र पर्ने छन । पुन समुदायका युवाहरूले अन्य समुदायहरुका युवतीहरूलाई विवाह गरेर ल्याएमा पनि सदस्यता हुनेछ तर पुन समुदायका छोरीहरु अन्य जाती सँग विवाह गरेर गएमा सम्बन्धित व्यक्ति मात्र सदस्य हुनेछ, लोग्ने र छोरा छोरीहरु भने मानार्थ सदस्य मात्र हुने छन ।

(ख): सन् 2020 January 04, शनिबार बाट लागु हुने गरी सदस्यता शुल्क (£100.00) पुरा तिरेको ६ महिना पछी मात्र सदस्यता योग्य (qualified) हुनेछ । सदस्यता योग्य भएर मात्र समाजको सुबिधाहरु र अधिकार पाईने छ । समाजमा भएका निस्कृय आजीवन सदस्यहरु यदी फेरी सकृय सदस्य बन्न चाहेमा सकृय सदस्य बनेको मितिले ६ महिना पछी मात्र सकृय सदस्य हुनेछ र समाज बाट पाउने सुबिधा र अधिकारहरु पाउनेछ ।

(ग): समाजको उद्देश्य परीच्छेद २, दफा २-0, उप-दफा (ट) अनुसार लगातार ३ पटक सम्म चुक्क भएका सदस्यहरु लाई निश्कृय (अयोग्य) सदस्यमा गनिने छ तद्-अनुसार समाजको सुबिधा बाट बन्चित रहने छन र सफाईको लागि २१ अफिस समय दिईने छ ।

(घ): पुन समाज यु.के.को सदस्यता लिएका पुनहरु नेपाल र नेपालीको लागि काम गर्ने कुनै पनि अन्य सामाजिक वा राजनैतिक् संघ-संस्थाहरुमा बसेर काम गर्न स्वतन्त्र हुनेछ ।

(ङ): यदि बाबा आमा दुबैको निधन भएको र यस बिधानको परिच्छेद २, दफा २-१ उप-दफा (क) भित्र रहेका परिवारको सदस्यहरुले चाहेमा आमा बाबाकै सदस्यता नम्बरलाई निरन्तरता दिन सक्नेछन ।

(च): पुन समाज यु.के.मा मुख्य २ प्रकारका सदस्यहरु मात्र रहने छन :

१: आजीवन सदस्य ।

२: मानार्थ सदस्य ।

**नोट:** साधारण सदस्य, सन् 2019 January 05 शनिबार बाट उप्रान्त साधारण सदस्यको दर्ता नगरिने अथवा साधारण सदस्य नरहने गरी १२ औं वार्षिक साधारण सभाले पारीत गर्‍यो । यस मिती भन्दा अगावै साधारण सदस्यता लिएका सदस्यहरुको लागी ५ बर्षको नियम नै यथावत रहने छ ।

**(च): १: आजीवन सदस्य:**

(क): आजीवन सदस्यता लिनको लागी सदस्यता शुल्क £100.00 (एकसय पाउण्ड) तिर्नु पर्नेछ । आजीवन सदस्यको अवधी पुन समाज यु.के. समाज रहे सम्म रहनेछ ।

(ख): समाजको आजीवन सदस्य बनेपछि श्रीमान श्रीमती दुबैलाई हुनेछ र मताधिकार पनि दुबैलाई हुनेछ ।

(ग): आजीवन सदस्य भैसके पछि कारण जनाइ स्वयम आफैले लिखित रुपमा राजिनामाको निवेदन दिएमा आजीवन सदस्य बाट हट्न (निस्कन) सकिनेछ तर शुल्क फिर्ता हुने छैन र संस्थाबाट कुनैपनि सहयोग पाउने छैन । संस्था बाट कुनै पनि प्रकारको सहयोग लिई सकेको भए संस्थाको आजीवन सदस्य बाट हट्न (निस्कन) पाउने छैन । परिच्छेद् २ को २.१ (ख) को अवस्था बाहेक राजीनामा स्वीक्रीत भएको सदस्य नम्बर खाली राखिनेछ ।

(घ): यदी कुनै पनि ब्यक्ति (सदस्य) ले यस समाजको सदस्यता लिएको ६ महिना पुरा नहुदै (अयोग्य सदस्य हुदा हुदै) निजको निधन भएमा समाजका सदस्यहरु बाट उठाइने £10.00 बाध्यकारि (अनिवार्य) हुने छैन तर समाजले स्वईच्छुक सहयोग संकलन् अभियान गर्न सक्नेछ ।

(ङ): यदी समाजको कुनै सदस्य निधन भै उक्त सदस्यको परिवारले समाजबाट तुरुन्त समस्या समाधान गर्नको लागी आर्थिक सहयोग मांग गरेमा समाजले सदस्यहरुबाट उठेको रकम बाट असुल गर्ने गरी £3,000.00 (तीन हजार पाउण्ड) सम्म उपलब्ध गराउन सक्नेछ ।

(च): कुनै पनि सदस्यले चाहे त्यो सदस्यताको राजीनामा होस् वा पदको राजीनामा होस्, सामुहिक रुपमा दिएको राजीनामाको मान्यता हुने छैन ।

(छ): पुन समाज यु.के.को सदस्यता बाट राजीनामा दिने सम्पूर्ण सदस्यहरुले यदी सदस्यता कार्ड पाउनु भएको छ्र भने अनिवार्य रुपमा कार्ड फिर्ता गर्नु पर्नेछ | यदी कार्ड फिर्ता गर्नु नसकेमा समाज लाई लिखित सफाई दिनु पर्नेछ ।

**(च): २: मानार्थ सदस्य:**

(क): पुन समाज वा समुदायको उत्थानको लागि बिशेष योगदान पुराएका गैर पुन अथवा नेपाली वा बिदेशीहरु, लाई पुन समाज यु.के. को मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख): मानार्थ सदस्य कार्य समितिको दुई तिहाइ बहुमतले निर्णय गरेको हुनु पर्नेछ ।

(ग): मानार्थ सदस्यको लागि शुल्क लाग्ने छैन साथै उम्मेद्वार र मताधिकार हुने छैन ।

**२. २: सदस्यता प्रदान गर्ने बिधिहरु:**

(क): सदस्यताको लागि फाराम कार्य समिति बाट वा संस्थाको वेबसाईट बाट पनि उपलब्ध हुनेछ ।

(ख): सदस्यता फाराम शुल्क सहित कार्य-समितिमा निवेदन आएपछी त्यस्को छानविन गर्ने अधिकार कार्यसमिति लाई हुनेछ । सदस्यता योग्य अथवा अयोग्य भएको लिखित रुपमा सम्बन्धित ब्यक्तिलाई जानकारी दिईनेछ ।

(ग): कार्यसमितिले सबै प्रकारको सदस्यहरुको पूर्ण बिवरणको अभिलेख राख्नेछ । सम्बन्धित ब्यक्तिले माग गरेमा सम्बन्धित लाई मात्र अभिलेख देखाउन सक्नेछ ।

(घ): साधारण सदस्यको नविकरण शुल्क कार्यसमितिले तोकेको समय भित्र बुझाई सक्नु पर्नेछ ।

(ङ): यदी कुनै पनि राजिनामा दिएको सदस्य फेरी फर्केर यही समाजमा सदस्य बन्ने इच्छा लिएर स्वयम आफैले नै सदस्यताको आबेदन (निबेदन) दिएमा र स्वीकृती भएमा उसलाई पुरानै सदस्यता नम्बर नै दिन सकिनेछ र शुल्क पनि पुरानै लाई कायम गरिनेछ । अब उपारान्त यो समाजको सदस्यता बाट निस्किनु पाउने छैन र यदी निस्किएमा भबिस्यमा सद्स्यता बन्न बाट पूर्ण बन्चित गरिनेछ ।

**२.३: सदस्यताको अयोग्यता अथवा समाप्त :**

(क): संस्थाको प्रतिकुल आचरण गरेमा कार्यसमितिले स्पष्टिकरण माग्ने छ र मनासिब देखेमा सदस्यता खारेज गर्न सक्नेछ । तर सफाइको मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ ।

(ख): सदस्यताको मृत्यु भएमा ।

(ग): राजीनामा स्विकृति भएमा ।

(घ): संस्थाको बिघठन भएमा ।

(ङ): हरेक बर्ष सदस्यता नविकरण नगरेमा । तर सफाइको मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ ।

(च): पुन समाज यु.के. को आजीवन वा साधारण सदस्यता भैसके पछी सदस्य भित्रका ब्यक्तिहरुको निधन भएमा सदस्यले उठाउनु पर्ने १० पाउन्ड सहयोग नऊठाएमा कार्यसमितिले स्पष्टिकरण लिएर सदस्यता खारेज गर्न सक्नेछ । तर सफाइको मौका २१ काम गर्ने दिन (अफिस समय) दिईनेछ अथवा,निष्कृय (अयोग्य) सदस्य सरह मानिनेछ जस्तै: भोट हाल्न नपाउने, निधनको अवस्थामा कोरोमानो अनिवार्य नहुने र अन्य केन्द्रिय समितिको निर्णय अनुसार अन्य कारवाही हुन सक्नेछ ।

# परिच्छेद् - ३
# साधारण सभा, अधिवेशन र कार्यसमिती

**३.१: साधारण सभा अथवा बिशेष सभा :**

(क): यस संस्थाको सम्पूर्ण सदस्यहरु भएको एक साधारण सभा हुनेछ।

(ख): बर्षमा एकपटक साधारण सभा हुनेछ । तर सम्पूर्ण सदस्यहरुको २५ % (प्रतिशत) सदस्यहरुले लिखित अनुरोध गरेमा बिशेष सभा बस्न सक्नेछ ।

(ग): साधारण सभाको सुचना मिती र स्थान खुलाई कम्तिमा २ महिना अगाडि सम्पूर्ण सदस्यहरुलाई दिनु पर्नेछ ।

(घ): साधारण सभामा उपस्थित आजीवन सदस्यहरुको संख्यालाई नै गणपुरक सँख्या ५१ % (प्रतिशत) अथवा बहुमत सँख्या मानिनेछ । आजीवन सदस्य आँफै उपस्थित हुन नसकेमा लिखित रुपमा जानकारी गराएमा पनि उपस्थित सँख्या मानिनेछ ।

**३.२: साधारण सभा अथवा बिशेष साधारण सभाको काम कर्तब्य र अधिकार:**

(क): वार्षिक बजेट र कार्यक्रम हरु स्वीकृति गर्ने ।

(ख): समिति लाई निर्देसन गर्ने । आपतकालिन समस्याको समाधान गर्ने ।

(ग): बैठकमा अनुशासन पुर्वक छलफलमा भागलिनु पर्नेछ । यदी बैठकमा अनुशासन उलङ्घन गरेमा त्यस्ता सदस्यलाई केही समय वा पुरै समयको लागि बैठकबाट निस्कासन गर्न सक्नेछ ।

**३. ३: अधिवेशन तथा यसका काम कर्तब्य र अधिकार:**

(क): केन्द्रिय समिती, महिला समिती, पुन युवा क्लब र शाखा समितीहरुको पदावधी तीन बर्षको हुनेछ । अधिवेशन पनि हरेक तीन बर्षमा हुनेछ र अधिवेशनले नयाँ कार्यसमितिको गठन गर्नेछ । अधिवेशनमा मुल कार्यसमिती बिघठन भए पछी सबै बिभागहरु पनि स्वत: बिघठन भएको मानिनेछ ।

(ख): यस संस्थाको सर्वोच्च अधिकार प्राप्त निकाय अधिवेशन हुनेछ ।

(ग): अधिवेशनले पुन समाज यु.के. को केन्द्रिय समिती, महिला समिती यु.के, पुन युवा क्लब युके को निर्वाचन गर्नेछ भने शाखा समिती हरुको निर्वाचन अधिवेशन भन्दा ६ महिना पहिलै गर्न सकिनेछ ।

(घ): अधिवेशनको सुचना मिती र स्थान खुलाई कम्तिमा ३ महिना अगाडि सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

(ङ): कुनै कारणबस समयमा अधिवेशन हुन नसक्ने परिस्थिती भएमा कार्यसमितिले पुन: ६ महिना अन्तिम म्याद थप्न सक्नेछ । तर अधिवेशन हुन नसक्नुको कारण सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

(च): अधिवेशनमा पुन समाज यु.के. को केन्द्रिय समिती, शाखा समिती, महिला समिती र पुन युवा क्लब यु.के. को महासचिब वा सचिबले संस्थाको प्रगती प्रतिवेदन कोषाध्यक्षहरुले आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ भने अध्यक्षहरुले मन्तब्य सहित् कार्यसमितीको बिगठन गर्नेछन ।

## ३.४: केन्द्रिय समितिको गठन:

(क): केन्द्रिय समिति निम्न अनुसार २५ सदस्यीय हुनेछ :

१: अध्यक्ष - १ जना
२: उपाध्यक्ष – २ जना (एक जना खुल्ला, एक जना महिला)
३: महासचिब – १ जना
४: सचिब - २ जना
५: कोषाध्यक्ष – १ जना
६: सह-कोषाध्य्क्ष - १ जना
७: कार्यकारी सदस्यहरु - १६ जना
८: १३ जना सदस्यहरु अधिवेशन बाट निर्वाचित हुनेछन तर खाली रहेको पदको पदपुर्ती कार्यसमितिले गर्नेछ भने ३ जना निर्वाचित अध्यक्षले मनोनित गर्नेछ ।

(ख): केन्द्रिय समितिले बिभिन्न क्षेत्रहरु बाट आवस्यकता अनुसार क्षेत्रिय प्रतिनिधि नियुक्त गर्न सक्नेछ । क्षेत्रिय प्रतिनिधिहरु पनि निर्वाचित कार्यसमिती सदस्य सरह केन्द्रिय कार्यसमिती बैठकमा सहभागी हुनेछन तर कार्य क्षेत्र र अधिकार भने शाखा समिती अध्यक्ष सरह रहनेछ ।

(ग): प्रत्येक शाखा अध्यक्षहरु, क्षेत्रिय प्रतिनिधिहरु, महिला समिती अध्यक्ष र पुन युवा क्लब अध्यक्ष केन्द्रिय कार्यसमितीको औपचारिक बैठकमा सहभागी हुनेछन ।

## ३. ५: शाखा समिति, महिला समिति र पुन युवा क्लब :

(क): शाखा समितिहरु १३ सदस्यीय निम्न बमोजिम रहनेछन:

१: अध्यक्ष - १ जना
२: उपाध्यक्ष - १ जना
३: सचिब - १ जना
४: सह सचिब - १ जना

| | | | |
|---|---|---|---|
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | ७ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

(ख): महिला समिती १५ सदस्यीय निम्न बमोजिम रहनेछन:

| | | | |
|---|---|---|---|
| १: | अध्यक्ष | - | १ जना |
| २: | उपाध्यक्ष | - | १ जना |
| ३: | सचिब | - | १ जना |
| ४: | सह सचिब | - | १ जना |
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | ९ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

९: निर्वाचित कार्यसमितिले क्षत्रिय प्रतिनिधि पनि नियुक्त गर्न सक्नेछ।

१०: महिला समितिले कार्य संचालन गर्नको लागि महिला समिती कोष खडा गर्न सक्नेछ। महिला सदस्यता शुल्कको निर्धारण महिला समितीले नै गर्नेछ र केन्द्रिय समिती सँग नबाझिने गरी सदस्यता नम्बर सहितको सदस्यता कार्ड बितरण गर्न सक्नेछ।

(ग): पुन युवा क्लब १९ सदस्यीय निम्न बमोजिम रहनेछन:

| | | | |
|---|---|---|---|
| १: | अध्यक्ष | - | १ जना |
| २: | उपाध्यक्ष | - | २ जना (महिला १ जना, पुरुष १ जना) |
| ३: | सचिब | - | १ जना |
| ४: | सह सचिब | - | १ जना |
| ५: | कोषाध्यक्ष | - | १ जना |
| ६: | सह कोषाध्यक्ष | - | १ जना |
| ७: | सदस्यहरु | - | १२ जना सम्म |
| ८: | सल्लाहकारहरु | - | आवश्यकता अनुसार |

९: निर्वाचित कार्यसमितिले क्षत्रिय प्रतिनिधि पनि नियुक्त गर्न सक्नेछ।

१०: युवा सदस्यको उमेरको हद १८ देखि ४० बर्षको हुनु पर्नेछ।

११: पुन युवा क्लबले कार्य संचालन गर्नको लागि पुन युवा क्लब कोष खडा गर्न सक्नेछ। पुन युवा क्लब सदस्यता शुल्कको निरधारण पुन युबा क्लबले नै गर्नेछ। केन्द्रिय समिती सँग नबाझिने गरी सदस्यता नम्बर सहितको सदस्यता कार्ड बितरण गर्न सक्नेछ।

**३. ६: सल्लाहकार समिती:**

(क): समाजमा वा कुनै पनि क्षेत्रमा बिशेष योगदान गरेका अनुभवी ब्यक्तिहरुलाई आवस्यकता अनुसार केन्द्रिय समितिले सल्लाहकार नियुक्त गर्नेछ।

**३. ७: कार्यसमितिको बैठक:**

(क): कार्यसमितिको बैठक हरेक ६ महिनामा बस्नेछ। यदी कुनै आकस्मिक् बैठक बस्नु परेमा कार्यसमितिको अध्यक्षले कुनै पनि समय बैठक बोलाउन सक्ने छ।

# परिच्छेद् - ४

# काम, कर्तब्य र अधिकार

**४.१: अध्यक्षको काम कर्तब्य र अधिकार :**

(क): कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशनको अध्यक्षता गर्ने

(ख): कार्यसमिति हरुलाई निर्देशन दिने।

(ग): सभा र बैठकहरुमा मत बराबरी भएमा निर्णायक मत दिने।

(घ): आकस्मिक सभा या बैठक बोलाउन निर्देशन दिने।

(ङ): कार्यसमितिले तोकेको काम गर्ने।

(च): अन्य संघ संस्थाबाट निमन्त्रणा आएमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने।

(छ) कार्यसमितिको नियमित वा आकस्मिक् बैठक बस्न नसकेको अवस्थामा समाजको बिषयमा समाजको बिधान भित्र रहेर पदाधिकारीहरुको (अध्यक्ष देखी सह कोषाध्यक्ष सम्म) परामर्शमा आवश्यक निर्णय लिन सक्नेछ। उक्त निर्णयलाई निर्णायार्थ कार्यसमितिको नियमित बैथकमा पेश गरेर अनुमोदन गराउनु पर्नेछ।

**४.२: उपाध्यक्षको काम कर्तब्य र अधिकार :**

(क): अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने।

(ख): कार्यसमितिले तोकेको काम गर्ने।

(ग): अध्यक्ष लाई सहयोग गर्ने।

**४. ३: महासचिबको काम कर्तब्य र अधिकार :**

(क): अध्यक्षको निर्देशन बमोजिम कार्यसमितिको बैठक, साधारणसभा र अधिवेशन बोलाउने ।

(ख): कार्यसमिती बैठक, साधारणसभा र अधिवेशनमा प्रस्ताबहरु तयार गरी पेश गर्ने ।

(ग): साधारण सभा र अधिवेशन मा संस्थाको प्रतिवेदन पेश गर्ने ।

(घ): कार्यसमितिको बैठक, साधारण सभा र अधिवेशन बाट पारीत निर्णयहरु कार्यन्वयन गर्ने र गर्न लगाउने ।

(ङ): संस्थाको कागज पत्रहरु, अभिलेख हरु ब्यबस्थित र सुरुक्षित सँग राख्ने।

(च): संस्थाको तर्फ बाट पत्रचार गर्ने ।

(छ): साधारण सभा र कार्यसमितिले तोकेको कार्यहरु गर्ने ।

(ज): संस्थाको साधारण सभा, अधिवेशन र कार्यसमितिको बैठकहरुको निर्णय लिखित रुप्मा अभिलेख राख्ने।

(झ): युके चरिटी कमिसन (UK Charity Commision) को लागि बार्षिक प्रगति प्रतिबेदन तयारी गर्ने ।

### ४. ४: सचिबको काम कर्तब्य र अधिकार:

(क): महा सचिबको निर्देशनमा काम गर्ने ।

(ख): महा सचिबको अनुपस्थितिमा महा सचिबको जिम्मेवारीको काम गर्ने ।

(ग): कार्यसमितिले तोकेको काम गर्ने ।

### ४. ५: कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

(क): संस्थाको हर हिसाब दुरुस्त राख्ने ।

(ख): लेखा परिक्षण गराउने ।

(ग): साधारण सभा अधिवेशनमा संस्थाको आय-ब्येय प्रस्तुत गर्ने ।

(घ): कार्यसमिती र साधारणसभाको आर्थिक सम्बन्धी निर्णय कार्यन्वयन गर्ने गराउने ।

(ङ): सबै खालका हर-हिसाबहरु बैठक बाट अनुमोदन गराउने ।

(च): अधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने ।

(छ): कार्यसमितिले तोकेको कार्य गर्ने ।

(ज): यु.के. चरिटी कमिसन (UK Charity Commision) को लागि बार्षिक आर्थिक प्रतिबेदन तयारी गर्ने ।

### ४. ६: सह-कोषाध्यक्षको काम कर्तब्य र अधिकार:

(क): कोषाध्यक्ष लाई सहयोग गर्ने।

(ख): कोषाध्यक्षको अनुपस्थितिमा वा रिक्तभएमा कोषाध्यक्षले गर्ने सबै काम गर्ने ।

(ग): कार्यसमितिले तोकेको कार्यहरु गर्ने ।

**४. ७: कार्यसमिती सदस्यहरुको काम कर्तब्य र अधिकार:**

(क): कार्यसमितिको निर्णय कार्यन्वयन गर्ने र गराउने ।

(ख): कार्यसमितिले तोकेको काम या जिम्मेवारी बहन गर्ने ।

**४. ८: सल्लाहकार समितीको काम कर्तब्य र अधिकार:**

(क): कार्यसमिति लाई सल्लाह सुझाब दिनको लागि सल्लाहकार समितिको गठन कार्य-समितिले गर्नेछ ।

(ख): सल्लाहकार समितिको अवधी कार्यसमितीले नियुक्त गरेको समय बाट कार्यसमितिको निर्वाचन हुने अधिवेशनको समय सम्म हुनेछ ।

(ग): पुन समाज युकेको बिधान भित्र रही पुन समाज युके को कार्यसमितिलाई बैधानिक तरिकाले सर सल्लाह दिने ।

**४. ९: बिभागहरु र जिम्मेवारी :**

समाजको उदेश्य प्राप्तिको लागि कार्यसमितिले बिभिन्न बिभागहरु संचालन गर्न सक्नेछ । बिभागहरु आवस्यकता अनुसार थपघट् हुन सक्नेछन । कार्यसमिती भित्र बाट सम्बन्धीत अनुभबको आधारमा बिभागीय संयोजक् तोक्ने छ । बिभागहरुको काम कर्तब्य र अधिकार कार्यसमितिले तोके बमोजिम हुनेछ । बिभागीय संयोजकहरुले आ आफ्नो बिभाग सम्बन्धी सुझाब र कार्यहरु प्रस्तुत गर्नेछन । उल्लेखित सुझाब र कार्यहरु कार्यसमितिको बहुमतले पारीत भएमा मात्र कार्यवयनमा लगीनेछ । बिभागहरुलाई समय र परिस्थिति अनुसार कार्यसमितिले जिम्मेवारिको निर्देशन् पनि गर्नेछ ।

(क): सदस्यता बिभाग

(ख): युवा बिभाग

(ग): पुर्खेउली बिभाग

(घ): महिला बिभाग

(ङ): साँस्कृतिक बिभाग

(च): बिधान बिभाग

(छ): खेलकुद बिभाग

(ज): मिडिया बिभाग

(झ): मातृ भाषा बिभाग

(ञ): प्रोपर्टी बिभाग

**४. १0: शाखा समिति, महिला समिती र पुन युवा क्लब र को काम, कर्तब्य र अधिकार:**

(क): कार्यसमिती वा साधारण सभाको निर्णयहरुलाई कार्यन्वयन गर्ने र गराउने ।

(ख): शाखा समिति, महिला समिति र युवा क्लब हरुले केन्द्रिय समितिको स्वीकृति लिएर समाजको कोषको आर्जन गर्न बिबिध कार्यक्रमहरु वा कुनै पनि सामाजिक कार्यहरु गर्न सक्नेछ । संकलित भएको रकमबाट ५% केन्द्रिय

समितीमा बुझाउनु पर्नेछ । कोष संचालनको लागि छुट्टै बैंक खाता खोल्न सक्नेछन । उल्लेखित समितीका सचिब र कोषाध्यक्षले केन्द्रिय समितिको साधारण सभा, अधिवेशनमा अनिवार्य रुपमा संस्थाको प्रतिवेदन र हिसाब बिवरण बुझाउनु पर्नेछ ।

(ग): महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरु बाट नै गर्नेछ ।

(घ): कार्यसमितिले तोकेको कार्यहरु गर्ने ।

**४. ११: आजीवन र साधारण सदस्यहरुको जिम्मेवारी** :

(क): समाज अथवा सदस्यहरुलाई क्षति (हानि-नोक्सानी) हुने कुनै पनि कार्यक्रम गर्न पाउने छैन ।

(ख): पुन समाज यु.के.को बिधान अनुसार आफुले तिर्नु पर्ने सदस्यता शुल्क अथवा कोरोमानो अनिवार्य रुपमा समयमै बुझाउनु पर्ने छ ।

(ग): पुन समाज यु.के. को घोषित बिधान अथवा नियम हरुलाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(घ): यदि केन्द्रिय समितिको कार्यक्रम प्रति असन्तुष्टि (चित्त नबुझेको) भएमा लिखित रुपमा क्षेत्र प्रतिनिधि अथवा शाखा समिति मार्फत केन्द्रिय समितिमा उजुरी गर्न सकिने छ ।

(ङ): यदि आफ्नो सम्पर्क ठेगाना, टेलिफोन नं., ईमेल एड्रेस हरु परिवर्तन भएमा क्षेत्र प्रतिनिधि, शाखा समिति अथवा सिधै केन्द्रिय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(च): यदि कुनै प्रकारको आकस्मित समस्याहरु आई परेमा क्षेत्र प्रतिनिधि, शाखा समिति अथवा सिधै केन्द्रिय समितिलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(छ): समुदायको बिषयमा उठेका चलेका बिबिध बिषयहरुमा यदि केन्द्रिय समितिले मनासिब ठानेमा कार्य समिति बैठकमा छलफल गरी निर्णय गर्नेछ तर लिखित रुपमा समाजमा नआएका र ब्यक्तिगत रुपमा बोलेका गरेका कुनै पनि बिषयहरुमा समाज उत्तरदायी हुने छैन ।

# परिच्छेद् - ५

# आर्थिक ब्यबस्था

**५.१: संस्थाको कोष:**

(क): संस्थाको नाममा स्थानिय बैंकमा खाता खोलिनेछ । कार्यसमितिको अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्य कुनै दुई जनाको संयुक्त हस्ताक्षर बाट खाता सन्चालन गरिनेछ । तर कोषाध्यक्ष्यको हस्ताक्षर अनिवार्य हुनुपर्नेछ।

(ख): कार्यसमितिले बिविध प्रयोजनको लागि कोषहरु खडा गर्न सक्नेछ ।

(ग): संस्थाको छुट्टै आफ्नै कोष हुनेछ । कोषमा चल अचल सम्पति रहने छन ।

**५.२: कोषका स्रोतहरु:**

(क): सदस्यता शुल्क, चन्दा अनुदान, प्रकाशन बिक्री ।

(ख): विविध कार्यक्रमहरुको आयोजना बाट उठेको रकम ।

(ग): सहयोग दाताहरुबाट संकलन हुन आएको रकम ।

(घ): आजीवन सदस्यता र साधारण सदस्यताबाट संकलित रकम पुन समुदायको भाषा, सँस्कृति तथा एतिहासिक कार्यहरुमा बाहेक खर्च गर्न पाउने छैन । त्यसको लागि पनि साधारण सभामा जानकारी गराएर बहुमतले पास गरे पछी मात्र खर्च गर्न पाउनेछ ।

(ङ): समाजको कोष कुनै व्यक्तिगत प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन ।

(च): संस्थाको अधिवेशन हुनु अगाडि लेखा परिक्षण गराउनु पर्नेछ ।

(छ): शाखा समितीहरु, पुन महिला समिती र पुन युवा क्लब ले कार्य सन्चालनको लागि आ आफ्नै कोष संचालन गर्नेछन तर बिघठन भएमा उल्लेखित कोषहरु स्वत: पुन समाज यु.के. को केन्द्रिय समितिको कोषमा रहनेछ । पुन समाज यु.के. को साधारण सभा वा अधिवेशन मा उक्त कोषहरुको सम्पूर्ण बिवरण प्रस्तुत गर्नु पर्नेछ ।

**५. ३: सहयोगको प्रकार:**

(क): यस संस्थाको सदस्यता लिएका ६ महिना अवधी पुरा भैसकेका बेलायतबासी पुनहरुको निधन भएमा प्रत्येक सदस्य हरुबाट १० पाउन्ड उठाइ संस्थाको तर्फ बाट सदस्य हरुको नाम सहित प्रदान गरिनेछ ।

(ख): यस संस्थाको सदस्यता नलिएका पुनहरुको निधन भएमा संस्थाले स्वेच्छित चन्दा अभियान गर्न सक्ने छ तर बाध्यकारि (अनिवार्य) हुने छैन ।

(ग): बेलायतबासी पुनहरुलाई कुनै दैवी प्रकोप आपत्ति परेमा संस्थाले अन्य संघ संस्थाहरु सँग समन्वय गरी चन्दा अभियान गर्न सक्नेछ ।

(घ): नेपाल वा अन्य देशहरुमा बसोबास गर्ने पुन हरु वा पुनहरु द्वारा संचालित परोपकारी संस्थाहरुबाट सहयोगको लागि लिखितरुपमा निवेदन आएमा र कार्यसमितिले उपयुक्त ठानेमा स्वेच्छित रुपमा चन्दा संकलन गरी सहयोग गर्न सक्नेछ ।

(ङ): पुन समाजले प्रदान गर्ने ५.३. को सहयोग बाहेक अन्य सहयोगहरुको लागि सम्बन्धित व्यक्ति वा संस्थाले सहयोगको लागि लिखित निवेदन दिनु पर्नेछ ।

# परिच्छेद - ६

# निर्वाचन, विधान संशोधन तथा विविध

**६.१: निर्वाचन सम्बन्धी व्यबस्था:**

(क): कार्यकारीणी समितिले अधिवेशन हुनु भन्दा ३ महिना अगाडि ३ देखी ५ सदस्यीय निर्वाचन समिती गठन गर्नेछ ।

(ख): पहिलो प्राथमिकता सर्व-सम्मती हुनेछ । यदी सो नभएमा (हुन नसकेमा) निर्वाचन गोप्य मतदान बाट हुनेछ ।

(ग): निर्वाचन कार्य सकिएर नयाँ कार्य समितिको घोषणा भए पछी निर्वाचन समितीको पनि स्वत: बिघठन हुनेछ । तर कार्यसमितिको बिघठनको घोषणा भैइसकेपछि यदी सो समयमा निर्वाचन सम्पन्न हुन नसकी स्थगित हुन पुगेमा बढीमा ६ महिना अवधी सम्मको लागि संस्थाको कार्यहरुलाई निरन्तरता दिनको लागि तदर्थ समितिको गठन गर्न सक्नेछ । उक्त तदर्थ समितिमा बिघठित समितिको अध्यक्ष महासचिब कोषाध्यक्ष र बढीमा आठ जना सम्म पुन समाज युकेको कुनै पनि पदमा रहेर काम गरेका अनुभवी ब्यक्तिहरु हुनेछन । तदर्थ समितिले निर्वाचन सम्पन्न नहुँदा सम्म समाजको गर्नुपर्ने सम्पूर्ण नियमित कार्यहरु गर्नेछ । पुन निर्वाचनको लागि मिती स्थान र समय सोही तदर्थ समितिले तोक्नेछ । पुरानै निर्वाचन समितिलाई यथावत राख्ने वा नयाँ निर्वाचन समिती गठन गर्ने अधिकार तदर्थ समितिलाई नै हुनेछ । निर्वाचन सम्पन्न भए पश्चात नयाँ कार्यसमितिको गठन भए पछी तदर्थ समिती पनि स्वत: खारेज हुनेछ ।

(घ): गोप्य मतदान बाट मत परिणाम बराबर भएमा पुन: मतदान हुनेछ। पुन: मतदान बाट पनि बराबरी भएमा गोला प्रथा बाट पनि निर्णय गर्न सकिनेछ ।

(ङ): विधान भित्र रहेर, बिधानलाई असर नपर्ने गरी, निर्वाचन समितिले निर्वाचन प्रकृयाको लागि अस्थायी नियम बनाउन सक्नेछ । सो नियम निर्वाचन पछी स्वत: खारेज हुनेछ ।

(च): निर्वाचनमा उम्मेदवारी दिन र मत हाल्न पुन समाज युकेको सदस्यता लिएको हुनु पर्नेछ । साधारण सदस्यता नविकरण नभएको भए उम्मेदवारी दिन र मत पाउने छैन । साथै परिच्छेद् २ को दफा २.६ को (ड.) पनि लागू हुनेछ ।

(छ): उम्मेद्वारी शुल्क कार्य-समितिले निर्णय गरे बमोजिम रहनेछ ।

(ज): अध्यक्ष पदको लागि कार्यसमितीको सल्लाहकार देखी कार्यसमितीको पदाधिकारी सदस्य भित्र रही एक कार्यकाल काम गरि सकेको हुनु पर्नेछ ।

(झ): मत खसाल्न आँफै उपस्थित हुनु पर्नेछ । अरु कसै मार्फत सिफारिस, मन्जुरिनामा पाउने छैन । निर्वाचन समितिले आवश्यकता र सम्भब ठानेमा हुलाक मार्फत मत पठाउन सकिनेछ तर पारदर्शी हुनु पर्नेछ ।

(ञ): महिला समिति र पुन युवा क्लबको निर्वाचन आफ्नै क्लब अथवा समितिका सदस्यहरु बाट नै हुनेछ ।

(ट): अध्यक्ष पदको लागि एउटै व्यक्तिले तेश्रो कार्यकालको लागि उम्मेद्वारी दिन पाउने छैन । तर तेश्रो कार्यकालको लागि कसैको उम्मेद्वारी नपरेमा उम्मेदवारी दिन पाउनेछ ।

### ६. २: बिधान संशोधन:

(क): संस्थाको बिधान संशोधन गर्नु परेमा कार्यसमितिले त्यस सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गरी अधिवेशन बाट पारीत गराउनु पर्नेछ ।

(ख): अधिवेशनमा उपस्थित सद्स्य संख्याको बहुमत सदस्यहरुले समर्थन जनाएमा संशोधन प्रस्ताव पारीत भएको मानिनेछ ।

(ग): अधिवेशन बाट पारीत भएको बिधान लाई संस्करणमा परिणत गरिने छ ।

### ६. ३: नियम बनाउने:

(क): केन्द्रिय कार्यसमितिले यो बिधानको अधिनमा रही नियम उप-नियमहरु बनाउन सक्नेछ ।

### ६.४: गोप्यता:

(क): कुनै पनी पदाधिकारी वा तथा संस्थाको जिम्मेवारि लिएका सदस्यहरुले समिती वा संस्थाको गोप्यता भङ्ग हुने कुरो प्रकट गर्न पाउने छैन ।

### ६. ५: निस्कृयता:

(क): यो बिधानमा उल्लेखित भएका कुराहरु बेलायतको एन कानुन संग बाझिएमा बाझिएको हदसम्म त्यस्ता कुराहरु स्वत: निस्कृय हुनेछन ।

### ६. ६: व्याख्या गर्ने अधिकार:

(क): यस बिधानको कुनै पनि धारा, उप-धाराका कुराको व्याख्या गर्ने अन्तिम अधिकार मुल कार्य-समिति लाई हुनेछ ।

### ६. ७: बुझ बुझारत (हस्तान्तरण):

**(क):** निर्वाचित कार्य-समिति लाई बिघठित कार्यसमितिले संस्थाको सम्पूर्ण कागजात तथा अभिलेखहरु र चल्-अचल सम्पति सहितको बिवरण अधिवेशन सकिएको तिन महिना भित्रमा पदाधिकारिहरुको हस्ताक्ष्र सहित बुझ बुझारत गर्नु पर्नेछ । बुझ बुझारत हुन नसकी संस्थाले समाजको चल् अचल सम्पत्ति हिनामिना गरेमा कानुन बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

### ६. ८: पदाधिकारी सदस्यहरु कायम नरहने अवस्था:

(क): मृत्यु भएमा ।

(ख): अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी वा सदस्यहरुले अध्यक्ष मार्फत कार्यसमितिमा लिखित राजीनामा दिएमा ।

(ग): बिना सुचना लगातार तीन पटक सम्म बैठक मा अनुपस्थित भएमा । तर सफाइको मौका २१ कामगर्ने दिन दिनेछ ।

(घ): संस्थाको विधान प्रतिकुल काम गरेमा ।

**६. ९: अविस्वासको प्रस्ताव:**

(क): कुनै सल्लाहकार वा पदाधिकारी वा सदस्य उपर अविस्वासको प्रस्ताव साधारण सभामा पेशगर्न सकिनेछ । साधारण सभाको उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमत बाट प्रस्ताव पारीत भएमा सल्लाहकार वा पदाधिकारी वा सदस्य पद च्युत हुनेछ । निज लाई सफाइको मौका २१ दिन (अफिस समय) दिने ।

**६. १0: भेष-भुषा:**

**१: महिला: पोशाक:** चोली, टेकी, निलो पटुकी, बर्को, छिट्को गुन्यु, मेत्तोरो,

**गहना:** डोरी, हरियो पोते, जन्तर्, नजरी, चेप्टेसुन, मारुली, बुलाकी, फुली, चादिकोरया, ठोका, घ्मुखेबालो, पैसेपोते, ठेमरा, कण्ठा, मुगापोते, शिरबन्दी, नारगेन

**२: पुरुष: पोशाक:** कछाड, भांग्रा, भोटो, आस्कोट, फेटा, पटुका, गादा, टोपी, पेटी, मिन्दु

**गहना:** दुर्बली, चादिको बालो (कम्मरमा खुकुरी)

### ६. ११: सपथ ग्रहण:

म (आफ्नो नाम) ______________________________________________ हाम्रो कुल देवता लाई साक्षी

राखी प्रतिज्ञा गर्दछु कि, पुन समाज यु. के. को बिधान र यस अन्तर्गत बनेका नियमहरुको पालना गर्दै, म मेरो कार्यकाल भरी,

म निर्वाचित भएको पदको दुरुपयोग्, पुन समाजको गोपनियता भङ्ग हुने र समाज लाई असर

पुग्ने खालको कुनै पनि कार्य गर्ने, गराउने छैन । म मेरो बुद्धी, बिवेक र क्षमताले भ्याए सम्म संस्थाको उद्देश्य प्राप्तिको लागि

निस्वार्थ, पारदर्शी र इमान्दारिका साथ कृयाशिल रहने छु ।

पदाधिकारीको हस्ताक्षर : ___________________________________

पद: ___________________________________ मिती: ______________________

---

निर्वाचन समिति अध्यक्षको नाम: ___________________________________

निर्वाचन समिति अध्यक्षको हस्ताक्षर:___________________________________ मिती: ______________________

---

अवलोकन कर्ताको नाम: ___________________________________

अवलोकन कर्ताको हस्ताक्षर: ___________________________________ मिती: ______________________

---

६. १२. पुर्व अध्यक्षहरुको नामावली र कार्य अवधी :

| | |
|---|---|
| 1. Maj. Santa Pun MBE | 2007- 2011 |
| 2. Mr. Atit Prasad Pun | 2011- 2013 |
| 3. Mr. Ek Bahadur Pun | 2014- 2020 |
| 4. Mr Dhan Bahadur Pun | 2020 to Current |

६. १३. बिधान सँस्करण गरिएको मितिहरु :

| | |
|---|---|
| 1. Established | 2007 |
| 2. Edition 1 | 2009 |
| 3. Edition 2 | 2011 |
| 4. Edition 3 | 2013 |
| 5. Edition 4 | 2016 |
| 6. Edition 5 | 2019 |
| 7. Edition 6 | 2021 |

**जय करबाकेली बाबा !**

**जय पुन समाज यु.के. !!**

**!! समाप्त !!**